प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्युरो **महाराजगंज** काठमाडौं
**“दण्डहिनता विरुद्ध CIB को अभियान”**

**बिषयः-** प्रेस विज्ञप्ती

मिति २०७६/१०/१५ गते।

## “आफ्नै साथीको हत्या गरी फरार रहेका आरोपी पक्राउ”

**घटना विवरण :**

जिल्ला पर्सा विरगंज म.न.पा.वडा नं. १५ स्थायी वतन भई जिल्ला ललितपुर, ललितपुर उप – महानगरपालिका वडा नं. ३ धोबिघाट स्थित जय प्रकाश अग्रवालको निर्माणाधिन घरमा घर कुर्नको निमित्त बसेका वर्ष ३०को सुरेश कुमार साह कानुलाई सँगै काम गर्ने आफ्नै साथी जिल्ला पर्सा विरगंज म.न.पा.वडा नं. १६ मुरली पोखरी बस्ने वर्ष ३१ को मो. फिरोज मिया राईनले मिति २०७२/१०/२९ गते सोही निर्माणाधिन घरमा राती मादक पदार्थ सेवन गरी बिवाद हुँदा ईट्टा तथा फलामको रडले प्रहार गरी हत्या गरी वारदातको समय देखि नै फरार रहि भारतमा लुकिछिपी बसेकोमा हाल काठमाण्डौं आएको भन्ने बिशेष सूचनाको आधारमा यस केन्द्रीय अनुसन्धान व्यूरोबाट खटिएको बिशेष टोलिले खोजतलास गर्दा मिति २०७६/१०/१५ गते जिल्ला काठमाण्डौं किर्तिपूर नगरपालिका वडा नं. २ देबढोका स्थितबाट नियन्त्रणमा लिई कानुनी कारवाहीको लागी आजै मिति २०७६/१०/१५ गते महानगरीय प्रहरी परिसर ललितपुर पठाईएको।

**पक्राउ प्रतिवादीको विवरण:**

| | |
|---|---|
| नाम | : मो. फिरोज मिया राईन |
| उमेर | : तत्काल ३१ वर्ष, हाल ३५ वर्ष |
| ठेगाना | : जिल्ला पर्सा वीरगंज म.न.पा.वडा नं. १६ मुरली पोखरी |
| पेशा | : मजदुरी |
| शै. यो. | : साधारण लेखपढ |
| पक्राउ मिति | : २०७६/१०/१५ गते। |
| पक्राउ स्थान | : जिल्ला काठमाण्डौं किर्तिपूर नगर पालिका वडा नं. २ देबढोका |



**प्रहरी उपरीक्षक**
**(वेल बहादुर पाण्डे)**
**प्रवक्ता**
**सम्पर्क नंबर:- ९८५१२९१३११**